आज मिति २०७६ साल माघ २३ गते विहिवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | — | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | — | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | — | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | — | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र बहादुर शाही | वडा नं. १३ अध्यक्ष | — | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | — | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | — | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

आमन्त्रित

श्री कमीर वि.क. जिल्ला समन्वय प्रमुख

मिति : २०७६।१०।२३ गतेको वैठकका निर्णय

प्रस्तावहरु

१. नलगाड नगरपालिकाको शिक्षा नियमावली २०७६, सम्वन्धमा ।

२. कार्यालय सहयोगीको प्रोत्साहन भत्ता सम्वन्धमा ।

३. हेभि सवारी चालकको तलवभत्ता सम्वन्धमा ।

४. नमुना बस्तीको बजेट विनियोजन गर्ने सम्वन्धमा ।

५. जनतासंग नगर प्रमुख कार्यक्रम कार्यविधि, २०७६ सम्वन्धमा ।

६. बजेट विनियोजन सम्वन्धमा ।

७. वाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्वन्धमा ।

८. अनुदान उपलव्ध गराउने सम्वन्धमा ।

९. सडक स्तरोन्नतिको लागि अनुरोध गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

निर्णय नं. १: यस नलगाड नगरपालिकाको शिक्षा सम्वन्धी ऐन, २०७६ कार्यान्वयन गर्न तथा शिक्षा सम्वन्धी काम कारवाही प्रभावकारी, व्यवस्थित तथा सहज बनाउन नलगाड नगरपालिका शिक्षा नियमावली, २०७६ दफावार छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २: नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कामकाज गर्ने ४ (चार) जना कार्यालय सहयोगीहरुको अतिरिक्त समय काम गरे वापत खाना खाजा खर्च मासिक प्रति कार्यालय सहयोगी १,५००।० अक्षरुपी एक हजार पाँचसयको दरले प्रोत्साहन भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: नलगाड नगरपालिकामा कार्यरत हेभी सवारी चालक श्री किरण बुढाको कर सहित मासिक तलव भत्ता २५,०००।० अक्षरुपी पच्चीस हजार मात्र मिति २०७६ माघ १ देखि उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको नगर सभाबाट विनियोजित जनतासंग नगर प्रमुख कार्यक्रम सञ्चालनको लागि जनतासंग नगर प्रमुख कार्यक्रम कार्यविधि, २०७६ को मस्यौदा तयार गर्न तपशिल बमोजिमको ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री सुरेन्द्र सिंह (नि.प्र.प्र.अधिकृत) -संयोजक
- श्री प्रचण्ड कुमार कार्की (स्वास्थ्य शाखा प्रमुख) -सदस्य
- श्री हिमा पुन (स्वास्थ्य सहायक पाँचौ) -सदस्य

समितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. ६:** नलगाड नगरपालिका वडा नं. ७ को तिरिमिली सिचाईको कुलो मर्मत सम्भारको लागि रु. १,००,०००।० अक्षरुपी एकलाख मात्र बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** नलगाड नगरपालिका वालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को मस्यौदा तयारीको लागि नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगत शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** नलगाड नगरपालिका वडा नं. ४ मा सञ्चालन भएको श्री जनता प्रा.वि. पीपलचौरमा विशेष श्रोत कक्षा सञ्चालनको लागि नलगाड नगर सभाबाट विनियोजित भएको अपांग पुर्नस्थापना कोषबाट रु. २,००,०००।० अक्षरुपी दुईलाख मात्र अनुदान स्वरुप रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** नलगाड नगरपालिका वडा नं. ५ को कालीमाटी देखि पिपलचौर, रघुनाथ, खान्टाकुरा हुदै ध्यापाटाकुरा सम्मको सडक स्तरीकरण नहुदाँ बाढी पहिरो आई स्थानीय बासिन्दाहरुको घर, खेतियोग्य जमिन, सिचाई कुलो, विद्यालय भवन लगायत अन्य विकास निर्माणका संरचनाहरुको क्षति हुने देखिएकोले उक्त सडकको स्तरोन्नतिको लागि नेपाल सरकार उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।